# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, जेठ १५ गते, २०८२ साल (अतिरिक्ताङ्क ५

## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना

नेपाल सरकारले भन्सार महसुल ऐन, २०८१ को दफा १३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल जेठ १५ गतेदेखि लागु हुने गरी नेपालबाट बाहिर जाने र विदेशी मुलुकबाट नेपालभित्र आउने यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तु सम्बन्धमा देहाय बमोजिमको सूचना प्रकाशन गरेको छ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **विदेशबाट फर्केका नेपाली यात्रुका लागि महसुल छुट हुने:** (१) नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई नेपाल फर्कदा व्यक्तिगत प्रयोगका लागि आफ्नो साथमा ल्याएको (एकम्पनिड) देहायमा उल्लिखित सबै वा कुनै वस्तुमा महसुल पूर्ण छुट हुनेछ:-

(क) आफुले प्रयोग गरेको लुगाफाटा, बरबिछ्यौना, घर गृहस्थीका पुराना वस्तु,

(ख) औषधि उपचार गराई फर्केका बिरामीले ल्याएका औषधि,

(ग) शारीरिक रूपमा अशक्त यात्रुले सहाराको रुपमा प्रयोग गरेका वस्तु,

(घ) भन्सार महसुल ऐन, २०८१ को अनुसूची -४ को प्रकरण (१) मा तोकिएको परिमाणसम्म सुन तथा सुनका गहना र चाँदी तथा चाँदीका गहना,

(ङ) आफुले प्रयोग गरेको ट्याबलेट वा ल्यापटप वा डेस्कटप कम्प्युटर, घडी, क्यामरा, भिडियो क्यामरा र सेलुलर मोबाइल फोन एक एक थान,

तर श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई लगातार कम्तीमा छ महिना काम गरी फर्केका नेपाली नागरिकले आफ्नो साथमा थप एक थान नयाँ सेलुलर मोबाइल फोन ल्याएमा सो बापत लाग्ने महसुल समेत पूरै छुट हुनेछ।

(च) श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई लगातार कम्तीमा बाह्र महिना काम गरी फर्केका सामाजिक सुरक्षा कोषमा सूचीकृत नेपाली नागरिकले ल्याएको जुनसुकै आकार वा प्रकारको टेलिभिजन एक थान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र त्यस्तो कोषमा सूचीकृत नभएकोमा बत्तीस इञ्चसम्मको टेलिभिजन एक थान,

तर यस खण्ड बमोजिमको सुविधा अभिलेख रहने गरी एक पटकको लागि मात्र दिइनेछ।

(छ) बच्चा राख्ने पेराम्बुलेटर र ट्राइसाइकल एक एक थान,

(ज) पेशागत यात्रुले प्रयोग गरी ल्याएको आफ्नो पेशासँग सम्बन्धित वस्तुहरु एक एक थान जस्तैः (डाक्टरका लागि ब्लड प्रेसर नाप्ने यन्त्र, स्टेथेस्कोप, खेलाडीको लागि फुटबल, भलिबल, ब्याडमिन्टन सेट, क्रिकेट सेट, गायक तथा सङ्गीतकारको लागि गितार, हार्मोनियम, तबला जस्ता वस्तु),

(झ) सात किलोग्रामसम्म खाद्य परिकार,

(ञ) मदिरा एक लिटरसम्मको बोतल एक।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई लगातार कम्तीमा छ महिना काम गरी फर्केका नेपाली नागरिकले सो उपदफाको खण्ड (क) मा उल्लिखित वस्तु आफैं उपस्थित भई भन्सार जाँचपास गराउने गरी आफू आउनु भन्दा अघि वा पछि हुलाक पुलिन्दा, कार्गो वा अन्य माध्यमबाट पठाउन सकिनेछ। त्यस्तो वस्तुमा उपदफा (१) बमोजिम महसुल पूर्ण छुट हुनेछ।

(३) यात्रुले उपदफा (१) को खण्ड (घ), (ङ) र (ञ) मा उल्लिखित वस्तु बाहेक सो उपदफामा उल्लिखित अन्य वस्तु बढी सङ्ख्या वा परिमाणमा ल्याएमा त्यस्ता यात्रुको अवस्था, परिवार सङ्ख्या, बसेको मुलुक र समयावधि समेतलाई ध्यानमा राखी भन्सार कार्यालयका प्रमुखले औचित्य हेरी छाडिदिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई नेपाल फर्कंदा व्यक्तिगत प्रयोजनका देहाय बमोजिमका सबै वा कुनै वस्तु प्रचलित कानून बमोजिम लाग्ने महसुल तिरी ल्याउन पाउने छन्ः-

(क) टेलिभिजन, म्यूजिक सिष्टम, रेफ्रिजरेटर, वासिङ्ग मेशिन, पङ्खा, रेडियो, घडी, सेलुलर मोबाइल फोन एक एक थान,

(ख) लुगाफाटा, जुत्ता, कष्मेटिक्स जस्ता वस्तु बढीमा पाँच पाँच थान,

(ग) घरायसी प्रयोगका विद्युतीय उपकरण जस्तै- मिक्सर, जुसर, सिलाई मेशिन, इस्त्री, राइस कुकर जस्ता वस्तु बढीमा दुई दुई थान,

(घ) दश किलोग्रामसम्म खाद्य परिकार,

(ङ) डाक्टर, इञ्जिनियर, खेलाडी जस्ता पेशागत यात्रुले आफ्नो दक्षता वृद्धिको लागि आवश्यक पर्ने वस्तु बढीमा दुई दुई थान,

(च) खण्ड (क) देखि (ङ) सम्मका वस्तु बाहेक नितान्त घर व्यवहारमा आवश्यक पर्ने वस्तु बढीमा दुई दुई थान।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै यात्रुले सो उपदफामा लेखिएभन्दा बढी सङ्ख्या वा परिमाणमा वस्तु ल्याएमा त्यस्ता यात्रुको अवस्था, परिवार सङ्ख्या, बसेको मुलुक र समयावधि समेतलाई ध्यानमा राखी भन्सार कार्यालयको प्रमुखले औचित्य हेरी लाग्ने महसुल लिई जाँचपास गर्ने स्वीकृति दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपदफा (४) बमोजिमका वस्तु आफू आउनु भन्दा अघि वा पछि चलान गरेको भएमा आफू नेपाल प्रवेश गरेको मितिले तीन महिनाभित्र भन्सार गोदाममा दाखिल भइसकेको हुनु पर्नेछ।

(७) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा छ महिनाभन्दा बढी अवधि बिताई फर्केका यात्रुले आफू पुगेको ठाउँबाट उपदफा (४) बमोजिमका वस्तु आफूसाथ ल्याएमा वा आफू आउनुभन्दा अघि वा पछि पठाएमा देहाय बमोजिमको मूल्यसम्ममा लाग्ने महसुल पूर्ण रुपमा छुट दिई त्यस्तो वस्तुको प्रज्ञापनपत्र नभराई छुट्टै अभिलेख राखी जाँचपास गर्न सकिनेछ र छुट सीमाभन्दा बढी मूल्यको वस्तु भएमा बढी मूल्यमा प्रचलित कानून बमोजिम महसुल लाग्नेछः-

(क) छ महिनाभन्दा बढी एक वर्षसम्म विदेशमा बसी फर्केमा पन्ध्र हजार रुपैयाँसम्म,

(ख) एक वर्षभन्दा बढी जतिसुकै अवधि विदेशमा बसी फर्केमा पच्चिस हजार रुपैयाँसम्म।

(८) सोह्र वर्षभन्दा कम उमेरका यात्रुले उपदफा (७) बमोजिमको छुट सीमाको पचास प्रतिशत मात्र सुविधा पाउनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुरामा देहाय बमोजिम हुनेछः-

(क) विदेशमा बसेका व्यक्तिले नेपालस्थित आफन्त वा परिवारका सदस्यलाई उपदफा (४) बमोजिमका वस्तुमध्ये सोही उपदफामा तोकिएको परिमाणमा नबढ्ने गरी अमेरिकी डलर पाँच सयसम्मको वस्तु पठाएमा प्रमाण हेरी लाग्ने महसुल लिई जाँचपास गर्न सकिनेछ र अमेरिकी डलर पाँचसय भन्दा बढी मूल्यको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वस्तुलाई न्यून मूल्य देखाई पठाएको पाईएमा त्यस्तो वस्तु जफत गर्न वा उल्लिखित सीमा भन्दा बढी भएको मूल्य बराबरको रकम जरिबाना र लाग्ने महसुल लिई जाँचपास गर्न सकिने,

(ख) चुरोट दुई सय खिल्लीसम्म वा सिगार पचास खिल्लीसम्म प्रचलित कानून बमोजिम लाग्ने महसुल लिई जाँचपास गर्न सकिने,

(ग) भारतीय सेना वा प्रहरीबाट निवृत्तभरण पाउने गरी सेवानिवृत्त भई स्वदेश फर्केको व्यक्तिले आफ्नो निवृत्तभरणको कागजात पेश गरेमा अभिलेख रहने गरी एक पटकको लागि पचास हजार रुपैयाँसम्मको निजी प्रयोगका घरायसी वस्तुहरुमा (सवारी साधन, हातहतियार, खरखजाना एवं अन्य प्रतिबन्धित वस्तुहरु बाहेक) सम्पूर्ण महसुल छुट हुने,

(घ) कुनै नेपाली नागरिकको विदेशको बसाईमा मृत्यु भएको भन्ने प्रमाणित भएमा निज र निजको परिवारको निजी प्रयोगका पुराना सबै किसिमका वस्तुहरु (सवारी साधन, हातहतियार, खरखजाना एवं अन्य प्रतिबन्धित वस्तुहरु बाहेक) स्वदेशमा फिर्ता ल्याउँदा सम्पूर्ण महसुल छुट हुने,

(ङ) उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यक्तिगत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोजनको लागि ल्याउन पाउने भनी तोकेको तर यस सूचनामा उल्लेख नभएका वस्तुहरु विदेशबाट फर्केका यात्रुले ल्याएमा लाग्ने महसुल लिई त्यस्तो वस्तु जाँचपास गरिने,

तर त्यस्तो वस्तुको हकमा उपदफा (७) बमोजिम मूल्य छुट सुविधा दिइने छैन।

(च) विदेशबाट फर्केका यात्रुले ल्याएको वस्तु अन्य व्यक्तिको नाममा जम्मा गर्न वा नामसारी गरी छुटाउन नपाइने।

२. **विदेश जाने नेपाली यात्रुका लागि महसुल छुट हुने:** (१) नेपाली यात्रुले विदेश जाँदा आफ्नो प्रयोगका लागि लैजाने दफा १ को उपदफा (१) बमोजिमका सबै वा कुनै वस्तुमा महसुल पूर्ण छुट हुनेछ।

(२) नेपाली नागरिक विदेश जाँदा सौगातको रुपमा प्रचलित कानून बमोजिम निकासी गर्न निषेध नगरिएका पचास हजार रुपैयाँ मूल्यसम्मका वस्तुमा महसुल लाग्ने छैन।

तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तुमा कर बीजक तथा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुमा स्थायी लेखा नम्बर भएको बीजक पेश गरेमा यस उपदफा बमोजिमको मूल्यको सीमा बन्देज लागु हुने छैन।

(३) सम्बन्धित वायुसेवाले यात्रुलाई साथै लैजान दिने तौलसम्मको नेपाली बजारमा खरिद गरिएका प्रचलित कानून बमोजिम निकासी गर्न निषेध नगरिएका वस्तुहरु लैजान चाहेमा आवश्यक कागजातहरु पेश गरी कानून बमोजिमको शुल्क र



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महसुल तिरी लैजान पाउनेछ। यसरी वस्तु लैजाँदा अग्रिम भुक्तानीको प्रमाण वा प्रतीतपत्र आवश्यक पर्ने छैन।

३. **गैरआवासीय नेपाली यात्रुले पाउने सुविधाः** गैरआवासीय नेपाली यात्रुले आफू गैरआवासीय नेपाली भएको प्रमाण पेश गरेमा दफा १ को उपदफा (१), (३) र (४) तथा दफा २ बमोजिमको सुविधा पाउनेछ।

४. **चालक दलका सदस्य (क्रु मेम्बर) ले वस्तु ल्याउन नपाउनेः** उडानमा गएका वायु सेवाका चालक दलका सदस्य (क्रु मेम्बर) ले आफ्नो प्रयोगमा रहेका निजी वस्तु बाहेक अन्य कुनै वस्तु ल्याउन पाउने छैन।

५. **स्थलमार्गबाट सिमाना ओहोरदोहोर गर्ने व्यक्तिले सुविधा नपाउनेः** (१) स्थलमार्गबाट सिमाना ओहोरदोहोर गर्ने व्यक्तिलाई यस सूचनामा उल्लेख भएका कुनै पनि सुविधा दिइने छैन।

तर एक सय रुपैयाँ मूल्यसम्मका निजी प्रयोगका वस्तु साथै ल्याए वा लगेमा भन्सार प्रमुखले औचित्य हेरी महसुल नलिई छाड्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भारतमा अध्ययन गर्ने नेपाली विद्यार्थीले आफ्नो साथमा लगेको वा ल्याएको ट्याबलेट वा ल्यापटप वा कम्प्युटरमध्ये कुनै एक थानमा महसुल लाग्ने छैन।

६. **अन्तर्राष्ट्रिय हवाई उडानबाट आउने जाने विदेशी यात्रुले पाउने छुटः** (१) अन्तर्राष्ट्रिय हवाई उडानबाट आउने, जाने विदेशी यात्रुले आफ्नो साथमा ल्याएको वा लगेको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको वा पठाएको (अनएकम्पनिड)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देहायमा उल्लिखित निजी प्रयोगका चलन चल्तीमा ल्याएका पुराना सबै वा कुनै वस्तुमा महसुल छुट हुनेछः-

(क) बाइनाकुलर (दूरविन) एक वटा,

(ख) ट्याबलेट वा ल्यापटप, भिडियो क्यामरा र क्यामरा एक एक वटा,

(ग) पोर्टेवल म्युजिक सिष्टम एक सेट,

(घ) लुगाफाटा, बरबिछ्यौना, कसन तसन, घर गृहस्थीका पुराना वस्तुहरु,

(ङ) पेराम्बुलेटर र ट्राइसाइकल एक एक वटा,

(च) साइकल एक वटा,

(छ) घडी एक वटा,

(ज) सेलुलर मोबाइल फोन एक वटा,

(झ) भन्सार महसुल ऐन, २०८१ को अनुसूची-४ को प्रकरण (१) मा तोकिएको परिमाणसम्म सुनका तथा चाँदीका गहना,

(ञ) पेशाकर्मीले आफूले चलन चल्तीमा ल्याएका देहाय बमोजिमका उपकरणहरुः-

(१) पेशाकर्मीले आफूले गरी आएको काम गर्नको निमित्त ल्याएको ज्यावल बढीमा एक सेट,

(२) डाक्टर वा वैद्यले आफ्नो पेशा अनुसारको काम गर्नको निमित्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ल्याएको सामान्य किसिमको यन्त्र, औजार र औषधि तथा सम्बन्धित विशेषज्ञले प्रयोग गर्ने आवश्यकीय वस्तु,

(३) गायक वा सङ्गीतकारले ल्याएको गाना बजानाको यन्त्र एवं गाना बजाना सम्बन्धी आवश्यक वस्तु,

(४) खेलाडीले आफूले खेल्ने खेलसँग सम्बन्धित वस्तु,

(५) माछा मार्ने रड।

(२) उपदफा (१) मा उल्लिखित वस्तुका अतिरिक्त प्रचलित कानून बमोजिम निकासी वा पैठारी गर्न निषेध वा नियन्त्रण गरिएका र व्यापारिक प्रयोजनका वस्तु बाहेक विदेशी यात्रुले निकासी वा पैठारी गर्ने अन्य वस्तुहरु भन्सार प्रमुखले औचित्य हेरी बिना महसुल वा कानून बमोजिम लाग्ने महसुल लिई ल्याउन र लैजान दिन सक्नेछ।

(३) राहदानी लिई आउने जाने विदेशी यात्रुले ल्याउने देहायको वस्तुमा भन्सार महसुल लाग्ने छैनः-

(क) मदिरा एक लिटरसम्मको बोतल एक वा बियर बाह्र क्यानसम्म,

(ख) चुरोट दुई सय खिल्ली, सिगार पचास खिल्ली, टोबाको दुई सय पचास ग्रामसम्म,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दश हजार रुपैयाँ मूल्यसम्मका औषधि (प्रचलित कानून बमोजिम पैठारी गर्न निषेध गरिएका बाहेक),

(घ) पाँच हजार रुपैयाँ मूल्यसम्मका खानेकुरा (टिन प्याक समेत),

(ङ) दुई हजार रुपैयाँ मूल्यसम्मका ताजा फलफूल।

(४) विदेशी यात्रुले नेपालबाट लैजान सक्ने सौगातको हकमा निजले नेपालमा विदेशी मुद्रा सटही सम्बन्धी कारोबार गर्ने बैङ्क वा त्यस्तो विदेशी मुद्रा सटही गर्न तोकिएको अधिकृत डिलरसँग विदेशी मुद्रा सटही गरेको प्रमाणित हदसम्म नेपाली बजारमा खरिद गरिएका प्रचलित कानून बमोजिम निकासी गर्न निषेध नगरिएका वस्तु बिना इजाजतपत्र लैजान वा पठाउन सक्नेछ।

(५) विदेशी यात्रुले उपदफा (४) मा उल्लिखित वस्तुका अतिरिक्त नेपाली बजारमा खरिद गरिएका प्रचलित कानून बमोजिम निकासी गर्न निषेध गरिएका बाहेकका पाँच लाख रुपैयाँसम्मका वस्तु आफूसाथ लैजान वा पठाउन सक्नेछ।

तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तुमा कर बीजक तथा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुमा स्थायी लेखा नम्बर भएको बीजक पेश गरेमा यस उपदफा बमोजिमको मूल्यको सीमा बन्देज लागु हुने छैन।

७. <u>**विदेशी मुद्रा घोषणा गर्नु पर्ने**</u>: हवाईमार्ग वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले पाँच हजार अमेरिकी डलर बराबरको नेपालमा विनिमय हुने कुनै पनि विदेशी मुद्रा वा धारक विनिमय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकारपत्र (ट्राभलर्स चेक) साथमा ल्याउन पाउनेछ। सो भन्दा बढी ल्याउनु परेमा भन्सार विन्दुमा घोषणा गरी ल्याउन सक्नेछ।

८. **वस्तु जफत हुने:** कुनै यात्रुले भन्सारमा घोषणा नगरी कुनै वस्तु लुकाई छिपाई ल्याउने वा लैजाने प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकूल हुने गरी कुनै वस्तु ल्याउन र लैजान खोजेमा त्यस्तो वस्तु जफत गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

९. **महानिर्देशकले निर्णय गर्ने:** यो सूचना कार्यान्वियन गर्ने सम्बन्धमा कुनै द्विविधा परेमा भन्सार विभागको महानिर्देशकले निर्णय गर्नेछ र निजले गरेको निर्णय अन्तिम हुनेछ।

१०. **खारेजी:** खण्ड ७४, सङ्ख्या ३८, मिति २०८१।०७।२९ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तु सम्बन्धी सूचना खारेज गरिएको छ।

**आज्ञाले,**
**दिनेश कुमार घिमिरे**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१५।-
गो.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।